**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २४ अगस्त २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

1- प्रधानमंत्री नरेन्द्र मोदी पोलैंड अनि यूक्रेनको सफल यात्रा पछि आज स्वदेश फर्कनु भएको छ।

2- प्रधानमंत्री नरेन्द्र मोदीले नेपालको तनाहुनमा भएको बस दुर्घटनामा प्रभावितहरुलाई अनुग्रह राशि भुगतान गर्ने घोषणा गर्नुभएको छ।

3- आरजी कर मेडिकल कॉलेज अनि अस्पतालको पूर्व प्राचार्य संदीप घोष सहित सात जना मानिसको पोलीग्राफ टेस्ट चलिरहेको छ।

4- दार्जीलिंग स्थित नेपाली साहित्य सम्मेलन भवनमा आज वरदान सम्मान समूहको छैठौ स्थापना दिवसको अवसरमा सम्मान कार्यक्रमको आयोजना गरियो।

5- मौसम विभागले बंगालको खाड़ीमा बनेको निम्न दबावको कारण राज्यभरि नै भोलि सम्म वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**पोलैंड . यूक्रेन**

प्रधानमंत्री नरेन्द्र मोदी पोलैंड अनि यूक्रेनको सफल यात्रा पछि आज स्वदेश फर्कनु भएको छ। यात्राको अवधि प्रधानमंत्रीले वारसॉ मा पोलैंडको प्रधानमंत्री डोनल्ड टस्क सित वार्ता गर्नुभयो। दुवै नेताले अधिक स्थायीए समृद्ध अनि सतत विश्वको लागि द्विपक्षीयए क्षेत्रीय अनि अंतर्राष्ट्रीय सहयोगलाई अझ सशक्त बनाउने प्रतिबद्धता दोहोराए। यूक्रेनमा प्रधानमंत्री मोदी अनि यूक्रेनका राष्ट्रपति वोलोदिमीर जेलेंस्की बीच कीवमा शिष्टमंडल स्तरको बैठक भयो। बैठकको अवधि द्विपक्षीय संबंधहरुलाई सशक्त पार्नका लागि चारवटा समझौता ज्ञापनमा हस्ताक्षर गरियो। प्रधानमंत्री नरेन्द्र मोदीले यूक्रेन अनि रूसलाई आफ्नो संघर्षको शान्ति पूर्ण समाधान खोज्ने आग्रह पनि गर्नुभएको छ।

****** ० ******

**पीएम.अनुग्रह राशि**

प्रधानमंत्री नरेन्द्र मोदीले नेपालको तनाहुनमा भएको बस दुर्घटनामा मानिसहरुको मृत्यु भएको मा शोक व्यक्त गर्नु हुँदै प्रभावितहरुलाई अनुग्रह राशिको भुगतान गर्ने घोषणा गर्नुभएको छ। प्रत्येक मृतकको निकटतम परिजनलाई प्रधानमंत्री राष्ट्रीय राहत कोषबाट दुइ लाख रूपियाको अनुग्रह राशि दिइनेछ भने प्रत्येक घाइतेलाई पचास हजार रूपियाँ दिइनेछ। काठमांडुमा भारतीय दूतावासले यस बस दुर्घटनामा २७ भारतीयहरुको मृत्यु भएको जानकारी दिएको छ।

****** ० ******

**आरजी कर अपडेट**

केंद्रीय अन्वेषण ब्यूरो . सीबीआई द्वारा आरजी कर मेडिकल कॉलेज अनि अस्पतालको पूर्व प्राचार्य संदीप घोष

सहित सात जना मानिसको पोलीग्राफ टेस्ट चलिरहेको छ। यस घटनाको क्रममा गिरफ्तार गरिएको एकमात्र व्यक्ति संजय रॉयए घटना अघि पीड़ितासित रहेका चार डॉक्टर अनि कोलकाता पुलिसका दुइ स्वयंसेवकहरुको पोलीग्राफ टेस्ट चलिरहेको छ। सियालदाहको न्यायलयले सीबीआईलाई पोलीग्राफ टेस्ट गर्ने अनुमति दिएको थियो। न्यायलयले संजय रॉयलाई १४ दिनको हिरासतमा जेल पनि पठाएको छ।

यसै बीचए कलकता उच्च न्यायालयको आदेशमा विशेष जांच दलले मामलासित जुडेका दस्तावेज हिज सीबीआईलाई सुम्पिएको छ।

****** ० ******

**सन्दीप घोष. सोधपुछ**

आरजी कर अस्पतालका पूर्व प्रिन्सिपल सन्दीप घोष आज बिहान पुनः सीजीओ कम्प्लेक्स स्थित सीबीआई कार्यालयमा पेश भए। उनीसित यसरी लगातार सोधपुछ गरिएको आज नवौं दिन हो। सीबीआईका अधिकारीहरूले आरजी कर मामिलामा घोषसित सोधपुछ गरिरहेको छ जसमा वित्तीय अनियमितताहरूको जाँच पनि सामेल छ। कलकत्ता हाई कोर्टले यस मामिलामा जाँचको जिम्मा सीबीआईलाई सुम्पेको छ। यद्यपि उनीबाट के जानकारी प्राप्त गरियो त्यो अहिलेसम्म स्पष्ट भएको छैन गत बुधवार राती सीबीआईले उनको वाहनको जाँच गर्नको साथै वाहन चालकसित पनि सोधपुछ गरिएको थियो।आरजी कर अस्पतालमा महिला डाक्टरसित भएको दुष्कर्म अनि हत्याको मामिला उजागार भएपछि सन्दीप घोषको राजीनामाको माग तीव्र बनेको थियो। आन्दोलनको दबावमा सन्दीपलाई आफ्नो पदबाट राजीनामा दिनुपर्‍यो। त्यसको लगत्तैपछि राज्य सरकारद्वारा उनलाई नेशनल मेडिकल कलेजको प्राचार्य नियुक्त गरियोए तर त्यहाँ पनि विरोधको कारणले उनले त्यो पद ग्रहण गर्न सकेनन्। त्यसपछि हाई कोर्टले उनलाई अवकाश लिने आदेश दियो र पछि उनलाई निलम्बन गरियो।

****** ० ******

**नबान्न अभियान**

आरजी कर कांडको विरोधमा पश्चिम बंगाल छात्र समाजको आह्वानमा आगामी २७ अगस्त मा डाकिएको नवान्न अभियानको दिन प्रदेश सचिवालय नवान्न अनि वरिपरिका क्षेत्रमा विशेष सतर्कता उपाय गरिने छ। पुलिस सूत्र अनुसार आगामी २७ अगस्तमा प्रदेश सचिवालय नवान्न अनि वरिपरिका क्षेत्रहरुमा ठुलो संख्यामा सुरक्षा बलहरु तैनात गरिनेछ। उल्लेखनीय छ हिज शुक्रवार कोलकाता प्रेस क्लबमा तीन युवाहरुले प्रेस कॉन्फ्रेंस गरी २७ अगस्त को दिन नवान्न अभियानको आह्वान गरेका थिए।

****** ० ******

**शिक्षा विभाग. कारण बताउ नोटिस**

हावड़ा जिल्लाका तीनवटा विद्यालयहरूलाई शिक्षा विभागद्वारा कारण बताउ नोटिस जारी गरिएको छ। आरण्जीण कर मेडिकल कलेजमा डाक्टरसित भएको बलात्कार अनि हत्याको विरोधमा आयोजित र्‍यालीहरू पश्चात यो कार्यवाही गरिएको हो। यी तीनवटा विद्यालयहरूमा बालुहाटी हाई स्कूलए बालुहाटी गर्ल्स हाई स्कूल अनि बैंटरा राजलक्ष्मी बालिका विद्यालय सामेल छन्। शिक्षा विभागको आरोप अनुसार ए यी विद्यालयहरूका विद्यार्थीहरूलाई अध्ययनको अवधि र्‍यालीमा सामेल गरियो जसबाट विद्यार्थीहरूको अधिकारको उल्लंघन भएको छ। आरण्जीण करकाण्डको विरोधमा हावड़ामा धेरैवटा र्‍यालीहरू निकालिएको थियो। यी र्‍यालीहरूमा कथित रूपमा यी विद्यालयहरूका विद्यार्थीहरूको सहभागिता रहेको थियो। यस मामिलामा विद्यालयका प्रधानाध्यापकहरूलाई आगामी २४ घण्टाभित्रमा स्पष्टिकरण दिने निर्देश दिइएको छ। यदि तय य.सीमाभित्रमा कुनै स्पष्टिकरण दिइएन कड़ा कारबाही गरिने शिक्षा विभागले चेताउनी दिएको छ ।यद्यपि बालुहाटी हाई स्कूलका सिक्चक प्रभारी अञ्जन कुमार साहालेए स्कूलका कुनै पनि शिक्षकले यी र्‍यालीहरूमा भाग नलिएको स्पष्ट रूपमा बताएका छन् । र्‍याली स्कूल छुट्टी भएपछि आयोजना गरिएको थियो जसमा केही पूर्व विद्यार्थी लगाएत वर्तमान विद्यार्थीहरू पनि सामेल भएका थिए। स्कूलको समयमा पढ़ाई अनि खेलकूद सामान्य रूपमा भइरहेको थियो भनि उनले बताएका छन्। तर पनि उनीहरूलाई कारण बताउ नोटिस पठाइएको छ र यो बुझ्नै गाह्रो भइरहेको उनले अझ बताएका छन्।यसप्रकारको नोटिस जारी हुनसाथ राजनीतिक जगतमा खैलाबैला शुरू भएको छ। विपक्षी दल भाजपा एवं सीपीएमले

राज्य सरकारमाथि आरोप लगाउँदै भनेका छन् किए आरण्जीण करकाण्डको कारणले राज्य सरकार दबावमा छए त्यसैले विरोधलाई दबाउनको लागि यसप्रकारको कदम उठाइँदैछ।

****** ० ******

**गोयल. एमएसएमई**

केन्द्रीय वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले सूक्ष्मए लघु अनि मध्यम उद्यमले करोड़ौ मानिसहरुलाई रोजगार उपलब्ध गराएर तथा ठुलो उद्योगहरुको आपूर्ति श्रृंखला बनेर राष्ट्र निर्माणमा योगदान दिइरहेको बताउनुभएको छ। श्री गोयलले नयाँ दिल्लीमा **दस औ भारतीय अन्तर्राष्ट्रीय एमएसएमई स्टार्टअप प्रदर्शनी अनि सम्मेलन** लाई सम्बोधन गर्दै भन्नुभयो कि एमएसएमईले ठुलो उद्योग अनि व्यवसयीहरुका लागि उपभोक्ता अनि आपूर्तिकर्ताको रूपमा काम गरिरहेको बताउनुभयो। उहाँले एमएसएमईले पर्यटन अनि बुनियादी ढांचा विकासमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनुभयो।

****** ० ******

**वरदान सम्मान पुरस्कार**

आज बरदान सम्मान समूह द्वारा दार्जीलिंग नेपाली साहित्य सम्मेलन भवन को सुधापा प्रेक्षा गृहमा छैटौं स्थापन दिवस को अवसर पारेर सम्मान कार्यक्रमको आयोजना गरियो ।जीटीए कृषि विभागका उपनिर्देशक युनेस लेप्चाको प्रमुख आतिथ्य अनि वरदान सम्मान समुहका अध्यक्ष सोनु राईको अध्यक्षतामा सम्पन्न गरिएको कार्यक्रममा साहित्यए संगीतए नाटकए चित्रकारिताए पत्रकारिता शैक्षिक एवं खेलकुद क्षेत्रमा योगदान पुऱ्याउँदै आइरहेका व्यक्तिहरुलाई विशिस्ट सम्मान अनि वरदान सम्मान पुरस्कारद्वार सम्मानित गरियो। यसै कार्यक्रममा सिक्किमका वरिष्ठ साहित्यकारए इतिहासकार टी०बी० चन्द्र सुब्बाकृत षविश्वमा मानव सभ्यताए जातीय बृहत् इतिहासरू संस्कृति र परम्पराष. को विधिवत लोकार्पण गरियो द्य उहालाई नेपाली भाषा र साहित्यमा पुऱ्याएको अतुलनीय योगदानको निम्ति वरदान सम्मान पुरस्कारद्वारा सम्मानित गरियो द्य कार्यक्रममा सिक्किम अनि छिमेकी राष्ट्र नेपालबाट आएका साहित्यकारहरुले आआफ्नो रचनाहरु वाचन पनि गरे ।

****** ० ******

**खरसाङ. ३३ औं नेपाली भाषा मान्यता दिवस**

अखिल भारतीय गोर्खा विद्यार्थी महासंघ खरसाङ महकुमा समितिको आयोजनामा आज खरसाङमा ३३ औं नेपाली भाषा मान्यता दिवस साथै विद्यार्थीहरूलाई लिएर तर्क प्रतियोगिता सम्पन्न भएको छ। यो कार्यक्रम खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा सम्पन्न भयो। कार्यक्रममा तर्क प्रतियोगिता आयोजना गरियो जसको विषय जातीय उत्थानमा जनसंख्याको भूमिका महत्वपूर्ण छ कि छैनश भन्ने रहेको थियो। यसमा पक्षमा सलेसियन महाविद्यालय सोनादाका विद्यार्थीहरू थिए भने विपक्षमा खरसाङ महाविद्यालयका विद्यार्थीहरू रहेका थिए। यस तर्क प्रतियोगिताको विजेता खरसाङ महाविद्यालय र उप विजेता सलेशियन महाविद्यालय सोनादा भएका छन्।

****** ० ******

**मौसम**

मौसम विभागले बंगालको खाड़ीमा बनेको निम्न दबावको कारण राज्यको राजधानी कोलकाता सहित राज्यभरि नै भोलि सम्म वर्षा हुने अनुमान व्यक्त गरेको छ। मौसम विभागले आज बताए अनुसारए कोलकातामा आगामी २४ घण्टामा शहरमा हल्कादेखि मध्यम तथा केही ठाउँमा गर्जनसाथ वर्षा हुने सम्भावना व्यक्त गरिएको छ। कोलकाता मा अधिकतम तापमान ३० डिग्री सेल्सियस अनि न्यूनतम तापमान २६ डिग्री सेल्सियस लगभग रहने आशंका विभागले व्यक्त गरेको छ। पश्चिम बंगालको अधिकांश जिल्लाहरूमा आगामी २४ घण्टाको अवधि आकाशमा बादल बनिरहनको साथै सामान्यदेखि मध्यम वर्षा हुने मौसम विभागको अनुमान रहेको छ। विशेष गरी दार्जीलिङ पार्वतीय क्षेत्र अनि उत्तरी जिल्लाहरूमा भारी वर्षाको चेताउनी जारी गरिएको छ।

****** ० ******

**फुटबल**

आज देखि खरसाङ्ग फुटबल एसोसिएसनको आयोजनामा अन्तर कार्यालय फुटबल खेल स्थानीय मन्ट्भियट मैदानमा शुरु भएको छ।आज भएको पहिलो खेलमा ए आइ स्कुल अनि ग्लेनहिल स्कुल ४ . ४ गोलको बराबरीमा रहे पछि पेनाल्टी सुट् आइट्मा ग्लेनहिल स्कुल बिजयी बने।दोस्रो खेलमा  आकाशवाणी खरसाङ्ग ले सेक्रेटेरियट गिद्ध पहाडलाई १ को विरुद्ध ६ गोलले परास्त गरे।

****** ० ******